# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले पहिलोपल्ट शेयरधनीहरू लाई लाभांश वितरण गरेको छ । शुक्रबार सम्पन्न एक्सचेञ्जको २७ औं वार्षिक साधारण सभामा अध्यक्ष डा. नारायण प्रसाद पौडेलले आ.व.२०६४/६५ को नाफाबाट २० प्रतिशत लाभांश वितरणका लागि पेस गर्नुभएको प्रस्तावलाई सभाले पारित गरेको हो ।

अध्यक्ष डा. पौडेलले प्रस्तुत गर्नुभएको आ.व. २०६४/६५ को वार्षिक कार्यक्रम र लेखा परिक्षण प्रतिवेदनमा एक्सचेञ्जले आ.व. २०६४/६५ मा रु.७ करोड ९ लाख खूद नाफा गरेको उल्लेख छ । यो अघिल्लो आ.व. को भन्दा करिब २ सय ५८ प्रतिशत वृद्धि हो । आ.व. २०६३/६४ मा रु १ करोड ९८ लाख खूद नाफा भएको थियो । छब्बिसौं साधारण सभाले प्रवन्धपत्र र नियमावलीमा संशोधन गरी कम्पनीलाई नाफामुखी संस्थामा रूपान्तरण भएपछि आ.व.२०६४/६५ को मुनाफाबाट लाभांश वितरणको व्यवस्था गरिएको हो ।

आ.व. २०६४/६५ मा आय आर्जन १११.८० प्रतिशतले वृद्धि भई कूल रु. १३.६४ करोड आय आर्जन भएको छ । यसैगरी कूल रु ७.०७ करोड व्यय भएको छ । बचत रकमबाट निश्चित रकम साधारण जगेडा कोषको रुपमा छुट्याउने प्राबधानअनुरुप आ.व.२०६४/६५ मा रु २.१० करोड साधारण जगेडा कोषमा राखिएको छ ।

### आ.व. २०६४।६५ को धितोपत्र बजार सम्बन्धी प्रगति :

**शेयर कारोबार** : आ.व.२०६३।६४ मा रु.८.३६ अर्ब भएकोमा आ.व. २०६४।६५ मा १७२.९ प्रतिशतले वृद्धि भई रु. २२.८३ अर्ब पुगेको छ । कारोबार परिमाणमा भएको उल्लेख्य वृद्धिले दैनिक औसत कारोबार ३ करोडबाट वृद्धि भइ ९करोड पुगेको छ ।

**कारोबार संख्या** : आ.व.२०६३/६४ मा १ लाख २० हजार ५ सय १० कारोबारबाट ११६ कम्पनीको १ करोड ८१ लाख ४७ हजार २ सय ५० कित्ता शेयर खरिद विक्री भएकोमा आ. व.२०६४/६५ मा १ लाख ५० हजार ८ सय कारोबारबाट १ सय ३६ कम्पनीको २ करोड ८५ लाख ९९ हजार ७ सय ७० कित्ता शेयर खरिद विक्री भएको छ ।

**बजार पुंजीकरण** : आ.व.२०६३।६४ मा रु. १८६ अर्ब रहेको बजार पूँजीकरण आ. व. २०६४/६५ मा रु. ३५४ अर्ब पुगेको छ ।

**सूचीकरण** : गत आ.व. मा नेप्सेमा सूचिकृत कम्पनीको संख्या १३५ रहेकोमा आ.व.२०६४/६५ मा १४५ पुगेको छ । आ.व.२०६४/६५ मा पाँच कम्पनीको सूचीकरण खारेज गरियो भने १५ नयाँ कम्पनी सूचिकृत भए । यसैगरी ४६ कम्पनीले रु. १ अर्ब ८६ करोड ९३ लाख रुपैयाँ बराबरको बोनस शेयर, २२ कम्पनीले ३ अर्ब ८५ करोड ४५ लाख रुपैयाँ बराबरको हकप्रद शेयर नेप्सेमा सूचिकृत गरेका छन । उक्त अवधीमा रु. ६ अर्ब १० करोड बराबरको थप पाँच सरकारी ऋणपत्र र रु १ अर्ब ७५ करोड बराबरको दुई संस्थागत ऋणपत्र समेत नेप्सेमा सूचिकृत भएको छ । शेयर बजारमा नयाँ वित्तीय औजारको रुपमा रु २० करोड बराबरको परिवर्तनशील अग्राधिकार शेयरको पनि सूचिकरण भई कारोबार शुरु भएको छ ।

**सूचीकृत कम्पनीको वर्गीकरण** : आ.व.०५३।५४ देखि सूचिकृत कम्पनीहरुको बर्गीकरण गरिने प्रक्रिया आरम्भ भएकोमा हरेक बर्ष 'क' वर्गमा पर्ने कम्पनीको संख्या थपिदै गएको छ । आ.व.०६३।६४ मा ६६ वटा कम्पनीहरु 'क' बर्गमा बर्गीकृत भएका थिए । आ.व.०६४।६५मा थप ९ वटा कम्पनी 'क' वर्गमा परेको र ४ वटा हटेकाले 'क' वर्गमा

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

पत्र संख्या :
चलानी नं. :

पर्ने कम्पनीको संख्या जम्मा ७१ पुगेको छ । 'क' बर्गमा थप भएका सूचिकृत कम्पनीहरुमा वित्त र विकास बैंक समूहमा ४/४ र बिमा समुहमा एक कम्पनी छन ।

**बजार परिसूचक** : नेप्से परिसूचक २०६३।६४ को अन्त्यमा ६८४ अंकमा पुगेको थियो भने २०६५ आषाढमा ९६३ अंकमा पुगेको छ । उक्त अंक २०६३ आषाढको तुलनामा ४१ प्रतिशतले वढी छ । सूचिकृत कम्पनीहरूको संख्यामा भएको वृद्धि लगायत सूचिकृत धितोपत्रहरूको संख्यामा भएको उल्लेख्य वृद्धिका साथै मूल्य वृद्धि यसको प्रमुख कारण रहेका छन । यसैगरी 'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटीभ इन्डेक्स २५३.७२ विन्दुमा पुगेको छ, जुन अघिल्लो बर्षको तुलनामा ७८.६४ प्रतिशत बढी हो ।

**आ.व.२०६५।६६ दोश्रो बजार कारोबार विवरण**

आ.व. २०६५/६६ को प्रथम नौं महिनाको अवधिमा थप १५ वटा कम्पनीहरू सूचीकरण भई कुल सूचीकृत कम्पनीहरूको संख्या १५७ कायम भएको छ । यस अवधिमा थप ५ वटा कम्पनीको संस्थागत ऋणपत्रहरू र १ वटा सरकारी विकास ऋणपत्र सूचीकरण भएका छन् । साथै आ.व. २०६४/६५ को प्रथम नौं महिनाको अन्तमा बजार पुँजीकरण रु. २ खर्व ३० अर्व ८१ करोड ७१ लाख कायम रहेकोमा आ.व. २०६५/६६ को प्रथम नौं महिनाको अन्तमा उक्त बजार पुँजीकरण मूल्यमा ७४.६६ प्रतिशतले वृद्धि भई रु.४ खर्व २१ अर्व १५ करोड ५९ लाख पुगेको छ । आ.व. २०६४/६५ को अन्त्यमा रु. ३ खर्व ६६ अर्व ३० करोड पुगेको बजार पूँजीकरण २०६५ भदौ १५ गते रु. ६ खर्व १२ अर्व नाघी हालसम्मकै उच्च रेकर्ड कायम भएको थियो ।

आ.व. २०६५/६६ को प्रथम नौं महिनामा भएको धितोपत्र कारोवार रकममा आ.व. २०६४/६५ को सोही अवधिको तुलनामा १३.७८ प्रतिशतले वृद्धि भई रु.१६ अर्व ९८ करोड २८ लाख मूल्यको २ करोड २१ लाख ६ हजार कित्ता सेयर कारोवार भएको छ । आ.व. २०६४/६५ को प्रथम नौं महिनामा रु. १४ अर्व ९२ करोड ५४ लाख मूल्यको १ करोड ८७ लाख ३५ हजार कित्ता धितोपत्र कारोवार भएको थियो ।

आ.व. २०६५/६६ को प्रथम नौं महिनामा आ.व.२०६४/६५ को सोही अवधिको तुलनामा कारोवार संख्यामा ५८.३२ प्रतिशतले वृद्धि आई कुल १ लाख ५१ हजार ९ सय ४२ वटा कारोवार भएको छ । आ.व. २०६४/६५ को प्रथम नौं महिनाको अवधिमा कुल ९५ हजार ९ सय ७० वटा कारोवार भएको थियो ।

आ.व. २०६५/६६ को प्रथम नौं महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य आ.व. २०६४/६५ को सोही अवधिको तुलनामा १२२.४ प्रतिशतले वृद्धि भई रु.५४ अर्व ६८ करोड पुगेको छ । आ.व. २०६४/६५ को प्रथम नौं महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रु.२४ अर्व ५८ करोड ९० लाख रहेको थियो ।

आ.व. २०६५/६६ को प्रथम नौं महिनाको अन्त्यमा नेप्से परिसूचक आ.व.२०६४/६५ को प्रथम नौं महिनाको अन्तको तुलनामा ८५.४२ विन्दुले न्हास भई ६६१.२७ विन्दु कायम भएको छ । आर्थिक वर्ष २०६४/६५ को प्रथम नौं महिनाको अन्त्यमा नेप्से परिसूचक ७४६.६९ विन्दु रहेको थियो ।

**दोश्रो बजार विकासका लागि आव २०६५।६६ को कार्यक्रम :**

नेपाल सरकारले बजेट वक्तव्यमार्फत केही सरकारी संस्थानहरूको प्रमुखहरूको नियुक्ती व्यावसायिक दृष्टिकोणले गर्ने उद्देश्यसहित गत पुष २८ गतेदेखि व्यवस्थापनको प्रमुख कार्यकारी अधिकृत एवं महाप्रवन्धकमा श्री शंकरमान सिंहको नियुक्ती ४ वर्षसम्मको लागि समझदारीपत्र र व्यावसायिक योजनाको आधारमा गरेको छ । दलाल व्यवसायीको सेवालाई चुस्त बनाउन ब्रोकर्स ब्याक अफिस सफ्टवेयर बनाई छिट्टै कार्यान्वयन गर्ने कार्यक्रम छ भने


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**

**चलानी नं. :**

अर्कोतर्फ लगानीकर्ताहरुलाई इन्टरनेट ट्रेडिङको सफ्टवेयर बनाई इन्टरनेट ट्रेडिङ शुरुआत गर्ने कार्यक्रम राखिएको छ । धितोपत्रको नामसारी प्रक्रियालाई छरितो बनाउन तथा जालसाजी रोक्न केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्ने कार्यक्रम छ । दलाल व्यवसायीको सेवालाई गुणात्मक र प्रतिस्पर्धी बनाउने उद्देश्यले एकातर्फ २७ दलाल थप गर्ने र दलाल थप्ने सम्बन्धमा स्टक एक्सचेन्जको पूर्वाधारको विकास र नियमनकर्ताहरुको नियमन एवं सुपरीवेक्षण क्षमताको विकासको साथसाथै क्रमश: खुला नीतितर्फ अग्रसर हुनेछ भने अर्कोतर्फ बैंक तथा वित्तीय संस्थाको सहायक कम्पनीमार्फत समेत दलाल व्यवसायी र बजार निर्माता  थप गर्ने व्यवस्था गरीनेछ । धितोपत्र कारोबार र राफासाफ, स्टक एक्सचेन्ज सदस्यता र सूचिकरण सम्बन्धी तीन विनियमावलीहरु छिट्टै ल्याई बजारमा व्यापक सुधार गर्ने । लगानीकर्ताहरुलाई धितोपत्र कारोवारका लाईभ गतिविधिहरु उपलब्ध गराउन काठमाडौंको पुतलीसडक वा नयाँसडकमा डिस्प्ले बोर्ड राख्ने । हालसम्म काठमाडौंमा धितोपत्र कारोबार केन्द्रित भैरहेको परिप्रेक्ष्यमा काठमाडौं बाहिरबाट  पनि कारोबार शुरु गर्ने कार्यक्रम रहेको छ ।

चुनौतीहरू :

काठमाडौं उपत्यकामा सिमित दोस्रो बजार सेयर कारोबारमा देशभरका लगानीकर्ताको पहुँच हुनेगरी नेपाल स्टक एक्सचेन्जको सेवा विस्तार गर्नुपर्छ । हाल विद्यमान सेयर दलालको संख्या बढ्दो कारोबारको आकार र लगानीकर्ताको तुलनामा कम छ । सेवाग्राहीलाई सहज सेवा प्रदान गरी बजारबाट उच्चतम लाभ उठाउन सक्ने वातावरण निर्माणका लागि दलालको संख्या वृद्धि आवश्यक छ । अन्तराष्ट्रिय रूपमा स्टक एक्सचेञ्जको संचालन बढी प्राविधिक र विशिष्टीकृत हुदै गएको परिप्रेक्ष्यमा नेपाल स्टक एक्सचेञ्जलाई पनि अन्तराष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउदै लैजानका लागि यसले अबलम्बन गर्दै आएको प्रविधिको स्तरोन्नति गर्दै यसको सांगठनिक संरचनालाई पनि समयानूकुल बनाइनुपर्छ । सरकारी ऋणपत्रको कारोबारमा तरलता प्रदान गर्ने उद्देश्यले नेपाल स्टक एक्सचेञ्जमा त्यस्ता ऋणपत्रहरूको किनबेचको व्यवस्था मिलाइएको भए पनि अपेक्षा अनुरूप कारोबार हुन सकेको छैन । सरकारी ऋणपत्रहरूमा आम लगानीकर्ताको चासो अभिवृद्धि गरी दोस्रो बजार कारोबारलाई तीव्र बनाइनुपर्छ ।

मिति : २०६६/२/२२ शुक्रबार


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.